सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.

माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी

<u>आदेश</u>

०७४-WO-०९२३

विषयः <u>प्रतिषेध</u>।

जिल्ला नुवाकोट, बेलकोट गा.वि.स. वडा नं.१ हाल बेलकोट गढी न.पा. वडा नं.१० मा रहेको निरन्जना रोडा ढुङ्गा उद्योग प्रा.लि.का तर्फबाट अख्तियार प्राप्त भई आफ्नो हकमा समेत ऐ.का संचालक शिवप्रसाद अधिकारी---------------१ निवेदक

जिल्ला नुवाकोट, रातमाटे-९ हाल बेलकोटगढी-७ मा रहेको हिमाल एग्रिगेट प्रा.लि.का अख्तियार प्राप्त भई आफ्नो हकमा समेत ऐ.का संचालक बिनोद अर्याल------------------------------------------------------------------१

जिल्ला नुवाकोट, रातमाटे-९ हाल बेलकोट गढी-७ मा रहेका श्री एग्रिनेट प्रा.लि.का अख्तियार प्राप्त भई आफ्नो हकमा समेत ऐ.का कर्मचारी बिनोद अर्याल------------------------------------------------------------------१

जिल्ला नुवाकोट, विदुर न.पा. वडा नं.५ हाल वडा नं.६ मा रहेको श्री वर्ड स्टोन क्रसर उद्योग प्रा.लि.का तर्फबाट अख्तियार प्राप्त भई आफ्नो हकमा समेत ऐ.का संचालक विनोद राज श्रेष्ठ-------------------------------------------१

जिल्ला नुवाकोट, दुई पिपल-८ हाल बेलकोट गढी न.पा. वडा नं.५ मा रहेको श्री त्रिशुली एग्रिगेट एण्ड स्याण्ड इण्डष्ट्रिज प्रा.लि.का तर्फबाट अख्तियार प्राप्त भई आफ्नो हकमा समेत ऐ.का संचालक देवराज लुइटेल-------------------१

जिल्ला नुवाकोट, रातमाटे गा.वि.स. वडा नं.९ हाल बेलकोट गढी-७ मा रहेको श्री विशाल रोडा ढुङ्गा उद्योग प्रा.लि.का तर्फबाट अख्तियार प्राप्त भई आफ्नो हकमा समेत ऐ.का संचालक सुरेन्द्र लाल श्रेष्ठ----------------------------१

जिल्ला नुवाकोट, रातमाटे गा.वि.स. वडा नं.९ हाल बेलकोट गढी-७ मा रहेको श्रीकृष्ण विशाल स्याण्ड वासिङ उद्योग एण्ड सप्लायर्स प्रा.लि.का तर्फबाट अख्तियार प्राप्त भई आफ्नो हकमा समेत ऐ.का संचालक सुरेन्द्र लाल श्रेष्ठ---१

जिल्ला नुवाकोट, खानीगाउँ गा.वि.स. वडा नं.३ हाल लिखु गा.पा. वडा नं. मा रहेको श्री सुर्य कुण्ड रोडा ढुङ्गा उद्योग प्रा.लि.का तर्फबाट अख्तियार प्राप्त भई आफ्नो हकमा समेत ऐ.का संचालक राजेन्द्र श्रेष्ठ--------------------------१

विरुद्ध

जिल्ला प्रशासन कार्यालय नुवाकोट ---------------------------------------१

जिल्ला प्रहरी कार्यालय नुवाकोट ------------------------------------------१ प्रत्यर्थी

उद्योग विकास शाखा विदुर, नगरपालिका नुवाकोट--------------------------१

नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

तथ्य खण्ड

१) प्रथमतः हामी निवेदकहरुले कानूनबमोजिम संचालन गरिरहेका रोडा ढुङ्गा क्रसर उद्योगलाई बन्द गर्दा रिट निवेदक राजेन्द्र चित्रकार बिपक्षी नेपाल सरकारसमेत भएको यस सम्मानित अदालतमा विचाराधीन ०७४-WO-०७०४ को रिट निवेदनमा अन्तरिम आदेश जारी भएको भन्दै हामी निवेदकहरुका उद्योग संचालन गर्न नदिएको अवस्था छ । नुवाकोट जिल्ला साविक जिलिङ गा.वि.स.वडा नं.३ मा त्रिवेणी बालुवा प्रशोधन उद्योग नामको वालुवा प्रशोधन उद्योग संचालक वालुवा प्रशोधन व्यवसायीका रुपमा रहनु भएका राजेन्द्र चित्रकारले यस सम्मानित अदालतमा दायर गरेको उक्त ०७४-WO -०७०४ को रिट निवेदनमा हामी निवेदकहरुलाई बिपक्षी बनाएको अवस्था नै छैन । हाम्रा बिरुद्ध दायर नै नभएको रिट निवेदनमा जारी भएको आदेशका आधारमा हाम्रा उद्योग संचालन गर्न नदिनु कदापि पनि कानून तथा न्यायसंगत नहुँदा प्रथमदृष्टिमा नै निवेदकहरुका उद्योग संचालन गर्न पाउनु पर्ने प्रष्ट छ। अतः यस अवस्थामा हामीलाई बिपक्षी नै नबनाई दायर भएको रिट निवेदनमा अन्यको हकमा जारी भएको आदेश हाम्रा उद्योगको हकमा कार्यान्वयन हुनै नसक्ने भएकोले मागबमोजिम आदेश जारी हुनु पर्ने प्रष्ट छ ।

२) हामी निवेदकहरुले उद्योग संचालनका लागि कम्पनी तथा फर्म दर्ता गरी रोडा ढुङ्गा बालुवा प्रशोधनका लागी वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली, २०५४ साथै अन्य सम्पूर्ण प्रचलित कानूनबमोजिमका कार्यविधि तथा प्रकृया पुरा गरी उद्योग स्थापना तथा संचालन गर्ने इजाजत लिई कानूनबमोजिम उद्योग संचालन गरी आएका छौं । वातावरण संरक्षण ऐन तथा नियमावलीले रोडा ढुङ्गा क्रसर उद्योगका लागि प्रारम्भिक वातावरणीय परिक्षण (Initial Environment Examination) गर्नु पर्ने कानूनी व्यवस्था बमोजिम निवेदकहरुले उद्योग स्थापना तथा इजाजत प्राप्त गर्नुपूर्व नै IEE गरी इजाजत प्राप्त गरेको अवस्था छ । अतः कानूनी प्रकृया तथा कार्यविधि पुरा गरी कानूनबमोजिम संचालित उद्योगलाई संचालन गर्न नदिनु पर्ने कुनै कारण नभएकोले समेत उद्योग संचालन गर्न पाउनु पर्ने निर्विवाद छ। उक्त रिट नं. ०७४-WO-०७०४ को रिट निवेदनको बिपक्षी महलको ७ र ८ नम्बरमा बिपक्षी भै रिट निवेदनको प्रतिलिपि प्राप्त गरी रिट निवेदनको अध्ययन, अवलोकन गरी लिखित जवाफसमेत पेश गरेका प्रत्यर्थीहरुले उक्त रिट निवेदन हामी इजाजत प्राप्त निवेदकका उद्योग बिरुद्ध नभएको भन्ने जान्दा जान्दै पनि सोही मुद्दाको आदेशका आधारमा हाम्रा उद्योग संचालन गर्न नदिएको कार्य कदापि पनि विधिसम्मत नरहेको प्रष्टै छ। यस सम्मानित अदालतबाट मिति २०७५।१।२५ मा जारी भएको यसै साथ संलग्न आदेशमा इजाजत र दर्ता नै नगरी उद्योग संचालन गरेका तथा अनुगमनले उद्योग बन्द गर्न पत्र दिएको भन्दै अवैध रुपमा संचालनमा रहेका क्रसर र बालुवा उद्योगहरु भन्ने उल्लेख छ । हामी निवेदकहरुले त्रिशुली र तादी नदीबाट गैरकानूनी रुपले रोडा, ढुङ्गा, बालुवा उत्खनन तथा संकलन गरेको अवस्था नै छैन । प्रत्येक वर्ष जिल्ला समन्वय समितिले आफ्ना प्राविधिकहरुबाट उक्त नदिहरुको अवलोकन गरी के कुन ठाउँबाट, के कति मात्रामा वालुवा, रोडा, ढुङ्गा निकाल्न मिल्ने, नमिल्ने सम्बन्धमा IEE गरी तोकिदिएको स्थानबाट मात्र जि.स.स.ले अनुमती दिएको स्थानबाट मात्र राजश्व बुझाई संकलन गरी आएका छौं । यसै साथ संलग्न सो सम्बन्धि पत्र, IEE Report तथा राजश्व बुझाएको रसिद समेतबाट प्रष्ट हुने भएकोले समेत कानूनी रुपमा संचालित हाम्रा उद्योग बिरुद्ध अन्तरिम आदेश जारी नभएकोले उद्योग संचालन गर्न पाउनु पर्ने निर्विवाद छ।

३) हामी निवेदकहरुले कानूनबमोजिम दर्ता गरी इजाजत प्राप्त गरी संचालित उद्योगहरुलाई प्रत्यर्थी कार्यालयबाट खटाएका प्रहरी कर्मचारीले हाम्रा हकमा लागु नै

नहुने अन्तरिम आदेशका आधारमा हाम्रा उद्योगहरु संचालन गर्न रोकेको र बिपक्षीहरुको कार्यबाट हामी निवेदक र निवेदकको उद्योगलाई नेपालको संविधानको धारा १७(२)(च), १८(१), २५(१) समेतद्वारा प्रदत्त हकमा आघात पुगेकोले हामी निवेदकहरुले इजाजत लिई नुवाकोट जिल्लामा संचालन गरेका रोडा ढुङ्गा क्रसर तथा बालुवा उद्योगहरुलाई संचालन गर्न बाट रोक नलगाउन संचालनमा वाधा, व्यवधान नगर्न भनि नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम प्रतिषेध लगायत अन्य जो चाहिने आज्ञा, आदेश वा पूर्जी जारी गरी पाउँ।

४) प्रत्यर्थी कार्यालयहरुबाट यस सम्मानित सर्वोच्च अदालतबाट हाम्रा बिरुद्ध जारी नै नभएको आदेशको गलत व्याख्या गरी कानूनबमोजिम इजाजत प्राप्त हाम्रा उद्योगलाई संचालनमा रोक लगाएको र उद्योग संचालन हुन नपाएका कारण निवेदकहरुलाई दिनानुदिन व्यवसायीक क्षति पुग्नुका साथै संकलित मालवस्तु दिनानु दिन नासिदै मासिदै गएको साथै कामदार कर्मचारी कामविहिन हुन पुगेको अवस्था छ । यसका अतिरिक्त गिटी, बालुवा आपूर्ति हुन नपाएकोले विकास निर्माण तथा पुर्ननिर्माणको काम अवरुद्ध हुन पुगेकोले प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निवेदक कम्पनीहरुद्वारा इजाजत लिई नुवाकोट जिल्लामा संचालित रोडा ढुंगा उद्योगहरुलाई संचालन गर्न रोक नलगाउनु संचालन गर्न दिनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२) बमोजिम प्रत्यर्थीहरुका नाउँमा अन्तरिम आदेशसमेत जारी गरी पाउँ भन्ने बेहोराको निवेदक निरन्जना रोडा ढुङ्गा उद्योग प्रा.लि.समेतका तर्फबाट यस अदालतमा पर्न आएको संयुक्त निवेदन।

५) यसमा के कसो भएको हो? निवेदकहरुको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए आधार र कारण सहित सूचना पाएका मितिले बाटोको म्याद बाहेक १५ दिनभित्र विपक्षी नं.१ र २ को हकमा महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथमार्फत र अन्य विपक्षीको हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरुका नाममा सूचना जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू। अन्तरिम आदेशको सम्बन्धमा दुवै पक्ष राखी छलफल गरी निष्कर्षमा पुग्नु पर्ने उपयुक्त देखिएकोले सो प्रयोजनको लागि मिति २०७५।०३।१२ गते उपस्थित हुनु भनी पक्षहरुलाई पेशी सूचना दिनू। IEE गरी

रीतपूर्वक दर्ता इजाजत लिई व्यवसाय सञ्चालन गरेको भन्ने पेश भएको कागजातबाट देखिन आएको परिप्रेक्षमा उक्त अन्तरिम आदेशको टुङ्गो नलागेसम्म निवेदकहरुलाई रोडा ढुङ्गा उद्योगहरु संञ्चालन गर्न रोक नलगाउनु, संञ्चालन गर्न दिनु भनी विपक्षीहरुको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(ख) बमोजिम अल्पकालीन अन्तरिम आदेशसमेत जारी गरिदिएको छ। यस आदेशको जानकारी विपक्षीहरुलाई यथाशिघ्र दिनू भन्ने यस अदालतको मिति २०७५।२।३१ को आदेश।

६) सम्मानित सर्वोच्च अदालतबाट ०७४-WO-०७०४ को रिट निवेदनमा मिति २०७५।१।२५ गते अन्तरिम आदेश हुँदा त्रिशुली र तादी नदीबाट गैरकानूनी रुपमा उत्खनन् र सङ्कलन गरिएका रोडा, ढुङ्गा, बालुवा प्रशोधन उद्योगहरु सञ्चालन गर्न नदिनु, तत्काल बन्द गराई वाताबरण संरक्षण गर्नु भनी यस कार्यालयको नाउँमा आदेश भएकोले सोही अन्तरिम आदेशको पालना जिल्ला प्रशासन कार्यालय नुवाकोटले गरेको हो। सो बाहेकका कार्य यस कार्यालयबाट नभएकोले यस जिल्ला प्रशासन कार्यालयलाई विपक्षी बनाउनु पर्ने कारण र अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको जिल्ला प्रशासन कार्यालय नुवाकोटको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

७) सम्मानित सर्वोच्च अदालतबाट ०७४-WO-०७०४ को रिट निवेदनमा मिति २०७५।१।२५ गते अन्तरिम आदेश हुँदा त्रिशुली र तादी नदीबाट गैरकानूनी रुपमा उत्खन्न र संकलन गरिएको रोडा ढुङ्गा बालुवा प्रसोधन उद्योगहरु संचालन गर्न नदिनु तत्काल बन्द गराई वातावरण संरक्षण गर्नु भनी यस कार्यालयको नाउँमा समेत आदेश भएकोले सोही आदेशको पालना जिल्ला प्रहरी कार्यालय नुवाकोटले गरेको हो । सो बाहेकका कार्य यस कार्यालयबाट नभएकोले यस जिल्ला प्रही कार्यालय नुवाकोटलाई विपक्षी बनाउनु पर्ने कारण र अवस्था नहुँदा रिट निवेदन खारेजभागी छ भन्ने बेहोराको जिल्ला प्रहरी कार्यालय नुवाकोटको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

८) विपक्षी उद्योगहरु तोकिएका शर्त तथा मापदण्ड पालना नगरेका हुँदा वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली, २०५४, जलस्रोत ऐन, २०४९, औद्योगिक व्यवसाय ऐन, २०४९ समेतका प्रावधानहरु तथा घरेलु तथा साना उद्योग विभागको मिति २०७३।७८ च.नं.७२८ को पत्र, विभागकै मिति २०७३।११।२७

च.नं.१२४८ को पत्र, नेपाल राजपत्र २०७२।४।१२ गतेको उद्योग मन्त्रालयको सूचना, नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७०।३।२७ तथा मिति २०७०।५।१७ को निर्णयसमेतका आधारमा यस कार्यालयसमेतले कानूनबमोजिम गर्नुपर्ने आफ्नो कर्तव्य तथा दायित्व पालना गर्ने शिलशिलामा नुवाकोट जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीज्यूको नेतृत्वमा परिचालित संयुक्त अनुगमनको क्रममा Sedimentation Tank ब्यवस्थित नभएको लगायतका मापदण्डहरु मिचिएको देखिएकोले अनुगमन समितिको वैठकको निर्णयबमोजिम विपक्षी उद्योगहरुमध्ये केहीलाई मिति २०७४।१२।३ लाई वन्द गर्ने पत्र दिइएकोमा सो निर्देशनको अवज्ञा गरी संचालन गरी रहेको परिप्रेक्ष्यमा रिट नं.०७४-wo-०७०४ मा सम्मानित सर्वोच्च अदालतबाट भएको अन्तरिम आदेश कार्यान्वयन गर्नुपर्ने कर्तव्य र दायित्व अन्तर्गत विपक्षी उद्योगहरुलाई वन्द गराउने कार्य कानूनसम्मत भएकोले संविधान प्रदत्त उद्योग व्यवसाय गर्ने हकको प्रयोग गर्दा संविधानको धारा ३० मा उल्लेखित वातावरण सम्वन्धी मौलिक हक तथा प्रचलित कानूनबमोजिमका मापदण्ड विधिहरुलाई उल्लंघन गर्न नमिल्ने हुँदा विपक्षीहरुका निराधार, कानूनसंगत नभएको प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको विदुर नगरपालिका, उद्योग विकास शाखा नुवाकोटको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

९) यसमा अन्तरिम आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिरका सन्दर्भमा विचार गर्दा मिसिल संलग्न कागजातबाट Sedimentation Tank व्यवस्थित नभएको, उद्योग संचालनको शर्त तथा मापदण्ड पूरा नगरेको भन्ने तथ्य प्रस्तुत हुन आएको, उद्योग संचालनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) भएको नदेखिएको र ०७४-WO-०७०४ को रिट निवेदनका सन्दर्भमा यस अदालतको संयुक्त इजलासबाट मिति २०७५।१।५ मा "त्रिशुली र तादी नदीबाट गैह्र कानूनी रुपमा उत्खनन् र संचालन गरिएको रोडा, ढुङ्गा, बालुवा प्रशोधन उद्योगहरु संचालन गर्न नदिनु, तत्काल बन्द गराई वातावरण संरक्षण गर्नु" भनी अन्तरिम आदेशसमेत जारी भएको र सो आदेश कायमै रही रहेको देखिएको हुँदा सुविधा सन्तुलनसमेतका दृष्टिले हेर्दा यस अदालतका एक न्यायाधीशको इजलासबाट मिति २०७५।२।३१ मा जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिईरहन परेन। विषयवस्तुको संवेदनशीलतातर्फ विचार गर्दा प्रस्तुत विवादको निरुपण छिटो छरितो रूपमा किनामा हुन आवश्यक देखिँदा ०७४-WO-०७०४ को निवेदन पेश हुँदा प्रस्तुत निवेदनसाथ लगाउमा साथै

राखी सुनुवाईको लागि नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०७५।३।३१ को आदेश।

ठहर खण्ड

१०) नियमबमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल अध्ययन गरी निवेदक निरन्जना रोडा ढुङ्गा उद्योग प्रा.लि.समेतका तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता द्वय श्री हरिहर दाहाल र श्री शम्भु थापा तथा अधिवक्ताहरु श्री बल्लभ बस्नेत, श्री रामप्रसाद घिमिरे, श्री सुरेन्द्र कोइरालाले हामी निवेदकहरुलाई विपक्षी नबनाएको यस अदालतमा विचाराधीन ०७४-WO-०७०४ को रिट निवेदनमा मिति २०७५।१।२५ गते जारी भएको अन्तरिम आदेशमा त्रिशुली र तादी नदीमा दर्ता नै नगरी उद्योग संचालन गरेका तथा अनुगमनले उद्योग बन्द गर्न पत्र दिएको रोडा, ढुङ्गा, बालुवा प्रशोधन उद्योगहरु संचालन गर्न नदिनु, तत्काल बन्द गराई वातावरण संरक्षण गर्नु भन्ने उल्लेख छ । हामी निवेदकहरुले कानूनबमोजिम दर्ता गरी इजाजत प्राप्त गरी संचालित उद्योगहरुलाई प्रत्यर्थी कार्यालयबाट खटाएका प्रहरी कर्मचारीले हाम्रा हकमा लागु नै नहुने अन्तरिम आदेशका आधारमा हाम्रा उद्योगहरु संचालन गर्न रोकलगाउने कार्य भएबाट निवेदकको उद्योगलाई संविधान तथा कानूनद्वारा प्रदत्त हकमा आघात पुग्न गई हामी निवेदकहरुले इजाजत लिई नुवाकोट जिल्लामा संचालन गरेका रोडा ढुङ्गा क्रसर तथा बालुवा उद्योगहरुलाई संचालन गर्न बाट रोक नलगाउन संचालनमा वाधा, व्यवधान नगर्न भनि प्रतिषेध लगायत अन्य जो चाहिने आज्ञा, आदेश वा पूर्जी जारी गरी पाउँ भनी बहस गर्नु भयो। विपक्षी जिल्ला प्रशासन कार्यालय नुवाकोट र जिल्ला प्रहरी कार्यालय नुवाकोट तर्फबाट सह न्यायाधिवक्ता श्री ध्रुवकुमार चौहानले यस अदालतबाट ०७४-WO-०७०४ को रिट निवेदनमा मिति २०७५।१।२५ गते अन्तरिम आदेश हुँदा त्रिशुली र तादी नदीबाट गैरकानूनी रुपमा उत्खनन् र सङ्कलन गरिएका रोडा, ढुङ्गा, बालुवा प्रशोधन उद्योगहरु सञ्चालन गर्न नदिनु, तत्काल बन्द गराई वाताबरण संरक्षण गर्नु भनी यस कार्यालयहरुको नाउँमा आदेश भएकोले सोही अन्तरिम आदेशको पालना गरेको हो। सो बाहेकका कार्य यस कार्यालयहरुबाट नभएकोले विपक्षी बनाउनु पर्ने कारण र अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भनी बहस गर्नु भयो । विदुर नगरपालिका, उद्योग विकास शाखा, नुवाकोटको तर्फबाट विद्वान् अधिवक्ता श्री गजेन्द्र आर्यालले नुवाकोट जिल्ला प्रशासन

कार्यालयका प्रमुख जिल्ला अधिकारीज्यूको नेतृत्वमा परिचालित मिति २०७४।११।३० देखि २०७४।१२।६ सम्म संयुक्त अनुगमनको क्रममा Sedimentation Tank ब्यवस्थित नभएको लगायतका मापदण्डहरु मिचिएको देखिएकोले अनुगमन समितिको वैठकको निर्णयबमोजिम विपक्षी उद्योगहरुमध्ये केहीलाई मिति २०७४।१२।३ लाई वन्द गर्ने पत्र दिइएकोमा सो निर्देशनको अवज्ञा गरी संचालन गरी रहेको परिप्रेक्ष्यमा रिट नं.०७४-wo-०७०४ मा यस अदालतबाट भएको अन्तरिम आदेश कार्यान्वयन गर्नुपर्ने कर्तव्य पुरा मात्र गरेकोले विपक्षी रिट निवेदकको कुनै हक अधिकार हनन् नभएको हुदाँ रिट निवेदन खारेज गरी पाउँ भनी बहस गर्नु भयो ।

११) दुवै पक्षका कानुन व्यवसायीहरुको बहस सुनी निर्णयतर्फ विचार गर्दा प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन? तत्सम्वन्धमा निर्णय दिनुपर्ने देखियो ।

१२) यसमा हामी निवेदकहरुलाई विपक्षी नबनाएको यस अदालतमा विचाराधीन ०७४-WO-०७०४ को रिट निवेदनमा मिति २०७५।१।२५ गते जारी भएको अन्तरिम आदेशको आधारमा हामी निवेदकहरुले कानूनबमोजिम दर्ता गरी इजाजत प्राप्त गरी संचालित उद्योगहरुलाई प्रत्यर्थी कार्यालयबाट खटाएका प्रहरी कर्मचारीले हाम्रा उद्योगहरु संचालन गर्न रोकलगाउने कार्य भएबाट निवेदकको उद्योगलाई संविधान तथा कानूनद्वारा प्रदत्त हकमा आघात पुग्न गई हामी निवेदकहरुको उद्योगहरुलाई संचालन गर्न बाट रोक नलगाउन संचालनमा वाधा, व्यवधान नगर्न भनि प्रतिषेध लगायत अन्य जो चाहिने आज्ञा, आदेश जारी गरी पाउँ भन्ने निवेदन माग दावी देखिन्छ । जिल्ला प्रशासन कार्यालय नुवाकोटबाट मिति २०७४।११।३० देखि २०७४।१२।६ सम्म अनुगमन हुँदा केही उद्योगहरुले मापदण्ड पुरा गर्नुपर्ने अवस्था देखिएको आधारमा मिति २०७४।१२।३ वन्द गर्ने पत्र दिइएकोमा र यस अदालतमा विचाराधीन ०७४-WO-०७०४ को रिट निवेदनमा मिति २०७५।१।२५ गते गैरकानूनी रुपमा उत्खनन् र संकलन गरिएका रोडा, ढुङ्गा, बालुवा प्रशोधन उद्योगहरु संचालन गर्न नदिनु, तत्काल बन्द गराई वातावरण संरक्षण गर्नु भनी यस कार्यालयहरुको नाममा भएको अन्तरिम आदेश कार्यान्वयन गर्नुपर्ने कर्तव्य पुरा मात्र गरेको भन्ने समेतको विपक्षीहरुको लिखित जवाफ रहेको देखिन्छ।

१३) निर्णयतर्फ विचार गर्दा, रिट निवेदक राजेन्द्र चित्रकार भएको यसै अदालतमा बिचाराधीन रहेको ०७४-WO-०७०४ को रिट निवेदनमा अन्तरिम आदेश भएको भन्दै हामी निवेदकहरुको उद्योग संचालन गर्न नदिएको अवस्था छ। उक्त रिट निवेदनमा हामीलाई विपक्षी नबनाएको हुँदा सो निवेदनमा जारी भएको अन्तरिम आदेशको आधारमा हाम्रो उद्योग संचालन गर्न नदिनु भन्न कदापी पनि कानून र न्याय संगत हुन सक्दैन। हामी निवेदकहरुले उद्योग संचालन गर्न वातावरण संरक्षण ऐन, २०५३ को तथा नियमावली २०५४ बमोजिम प्रारम्भिम वातावरण परिक्षण (IEE) लगायत ऐन, कानून बमोजिम सम्पूर्ण कार्यविधि तथा पुरा गरी उद्योग संचालन गरी आएका छौं। उक्त रिट निवेदन हामी इजाजत पत्र प्राप्त निवेदकहरुको उद्योग विरुद्ध नभै दर्ता नै नगरी अवैद्य रुपमा संचालन भएको उद्योगहरुको विरुद्धमा भएको आदेशले हाम्रो उद्योगलाई पनि बन्द गर्न भनी दिएको पत्र गैर कानूनी छ। हामी निवेदकहरुले गैर कानूनी रुपबाट त्रिशुली र तादी नदिबाट रोडा, ढुङ्गा, बालुवा उत्खनन् तथा संकलन नगरी प्रत्येक वर्ष जिल्ला समन्वय समितिले आफ्ना प्राविधिकहरुबाट उक्त नदीहरुको अवलोकन गरी के कुन ठाउँबाट के कती मात्रामा बालुवा, रोडा, ढुङ्गा निकाल्न मिल्ने नमिल्ने सम्बन्धमा (IEE) गरी जिल्ला समन्वय समितिले तोकिदिएको र अनुमती दिएको स्थानबाट मात्र राजश्व बुझाई संकलन गरी आएका छौं। कानून बमोजिम इजाजत प्राप्त उद्योगहरलाई रिट नं. ०७४-WO-०७०४ मा मिति २०७५।१।२५ गते भएको अन्तरिम आदेशको गलत व्याख्या गरी उद्योग संचालनमा रोक लगाएबाट उक्त विकास निर्माण तथा पूर्ण निर्माण कायम अवरुद्ध हुनुको साथै नेपालको संविधानको धारा १७ (२) (च), १८ (१), २५ (१) बमोजिम हामीलाई प्रदत्त पेशा व्यवसाय तथा रोजगारको हकमा आधारित र अपुरणीय क्षती पुग्न गएको छ। कानून बमोजिम इजाजत लिई नुवाकोट जिल्लामा संचालित हामी निवेदकहरुको रोडा उद्योगहरुलाई संचालन गर्न रोक नलगाउनु, संचालन गर्न दिनु आदेश जारी गरीपाउँ भन्ने निवेदकहरुको जिकिर रहेको छ।

१४) निवेदकले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र उद्योग विकास शाखा, विदुर नगरपालिका, नुवाकोटलाई विपक्षी बनाइएको छ। यी कार्यालय र नगरपालिकाले प्रस्तुत गरेको लिखित जवाफमा आफ्नो कर्तव्य तथा दायित्व पालना गर्ने शिलशिलामा गरेको संयुक्त अनुगमनबाट उद्योगहरुमा Sedimentation Tank व्यवस्थीत नभएको लगायतका मापदण्डहरु मिचिएकोले अनुगमन समितिको निर्णय

बमोजिम विपक्षी उद्योगहरु मध्ये केहीलाई मिति २०७४।१२।३ मा बन्द गर्ने पत्र दिएको र सो निर्देशनको अवज्ञा गरिरहेको अवस्थामा निवेदक राजेन्द्र चित्रकारले दिएको ०७४-WO-०७०४ को रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७५।१।२५ मा भएको अन्तरिम आदेशलाई कार्यान्वयन गर्न उद्योग बन्द गर्न पत्र दिएको हो, संविधान प्रदत्त उद्योग व्यवसाय गर्ने हकको प्रयोग गर्दा संविधानको धारा ३० मा उल्लेखित वातावरण सम्बन्धी मौलिक हक तथा प्रचलित कानून बमोजिमका मापदण्ड विधिहरुलाई उल्लंघन गर्न मिल्ने होइन भन्ने जिकिर लिइएको छ।

१५) प्रस्तुत रिट निवेदन भन्दा पहिला राजेन्द्र चित्रकार निवेदक भएर दिएको ०७४-WO-०७०४ को रिट निवेदनमा यी निवेदक उद्योगहरु समेतले कानून बमोजिम दर्ता नै नगरी मापदण्ड विपरित बालुवा प्रशोधन र क्रशरका उद्योगहरु संचालन गरेकाले सो बन्द गरी वातावरणको संरक्षण गरी पाउँ भनी दिएको निवेदनमा यस अदालतबाट मिति २०७५।१।२५ मा दर्ता नभएका र मापदण्ड विपरीत संचालित उद्योगहरु बन्द गर्नु संचालन नगर्नु भनी जारी भएको अन्तरिम आदेशको आधारमा जिल्ला प्रशासन कार्यालय, नुवाकोट विदुरले उक्त उद्योगहरुको अनुगमन गरी तयार पारेको निरीक्षण प्रतिवेदनको आधारमा घरेलु तथा साना उद्योग विकास समितिको पत्रले यी निवेदकका उद्योगहरु समेत बन्द गर्नु संचालन नगर्नु भनी जानकारी गराएपछि निवेदक उद्योगका संचालकहरु यो निवेदन लिएर अदालत प्रवेश गरेको देखिन्छ।

१६) निवेदकले आफ्नो रिट निवेदनमा अनुगमन तथा निरिक्षण टोलीले आफुलाई केही सोधपुछ नै नगरी सुनुवाईको मौका नै प्रदान नगरी के कस्तो मापदण्ड पुरा नगरेको हो भन्ने पनि नखुलाई उद्योग बन्द गर्न पूर्जी दिइएको छ। उद्योग दर्ता र संचालनमा सबै मापदण्डहरु पुरा गरिएको छ। जिल्ला प्रशासन कार्यालय, नुवाकोटको उक्त पत्रले मेरो पेशा तथा रोजगार गर्न पाउने मौलिक हकलाई आघात र अवरोध पुग्ने गरी अतिक्रमण हुन गएको छ। उद्योगको IEE नगरेको भनी हचुवाको भरमा मेरो उद्योग बन्द गर्ने गरी गरेको निर्णय र मिति २०७७।६।४ मा मलाई दिएको पत्र गैर कानूनी रहेको भन्ने निवेदन जिकिर रहेको छ।

१७) नेपालको संविधानको धारा १७ (२) (च) मा नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र संचालन गर्ने स्वतन्त्रता

हक हुने व्यवस्था गरेकोछ। धारा १८ (१) द्वारा सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिने छैन भन्ने समानताको हकको व्यवस्था र धारा २५(१) मा प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने सम्पत्ति सम्बन्धी हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरिएको छ । धारा ४८ (ख) मा संविधान र कानूनको पालना गर्नु पर्ने तथा ४८ (घ) मा सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु पर्ने भन्ने नागरिक कर्तव्यको व्यबस्था गरेको पाइन्छ । तसर्थ **प्रत्येक नागरिकलाई संविधान र कानूनद्वारा प्रदत्त हक र अधिकारको उपभोग गर्ने, हनन् भएमा प्रचलन गराउने अधिकार हुनुको साथै संविधान र कानूनले तोकेको कर्तव्य पनि पालना गर्नु पर्ने दायित्त्व हुन्छ ।**

१८) नेपालको संविधानको धारा ३० द्वारा प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुनेछ भनि वातावरण सम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरिएको छ । संविधानको धारा १६(१) नागरिकको मर्यादा पूर्वक जीवन बाँच्न पाउने अधिकार (Right to dignified life) सँग सम्बन्धित छ । संविधानको धारा ५१(छ)(१)मा राष्ट्रिय हित अनुकुल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रुपमा उपयोग गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था गरिएको छ । त्यसैले नेपाल राज्यभित्रका ढुङ्गा, वालुवा, गिट्टी, रोडा लगायतका प्राकृतिक स्रोत साधन आदि कसैको निजी हुन नसक्ने र सम्पूर्ण जनताको साझा सम्पत्ति हुने कुरा स्पष्ट छ । वातावरण संरक्षण ऐन, २०५३, नियमावली २०५४, खानी तथा खनिज पदार्थ ऐन, २०४२, जलश्रोत ऐन, २०४९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, वन ऐन २०४९ का व्यवस्थाले बालुवा प्रशोधन र क्रसर उद्योगहरू वन, जंगल, नदीनाला, सार्वजनिक स्थान, वगर लगायतको ठाउँ भन्दा निश्चित दुरीमा संचालन गर्दा तथा वालुवा, गिट्टी, ढुंगा, रोडा इत्यादि जस्ता नदी जन्य प्राकृतिक श्रोतहरूको उत्खनन् र खोदनको कार्य गर्दा वातावरण अनुकूल र दिगो रुपमा उपयोग हुने गरी गर्नुपर्ने व्यबस्था गरेको पाइन्छ । कतिपय प्रदेश सरकारबाट बालुवा प्रशोधन र क्रसर उद्योग संचालनको सम्बन्धमा आ-आफ्नै किसिमका मापदण्ड निर्देशिकाहरु बनाइएका छन्। संघीय सरकारले पनि ढुङ्गा,

गिट्टी, तथा बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बनाएर सो कार्यान्वयन अवस्थामा रहेको छ।

१९) निवेदक उद्योगहरुले आफुहरुको उद्योग कानूनको रित पुऱ्याएर दर्ता भै संचालनमा रहेको भन्ने जिकिर रहेको छ भने प्रत्यर्थी मन्त्रालय, विभाग र सरकारी निकायले निवेदकले उद्योग संचालन गर्दा, संविधानले प्रदत्त गरेको नागरिकको स्वच्छ वातावरणको हकलाई पनि त्यतिकै अनुशरण र पालना गर्नु पर्दछ भन्ने आफ्नो लिखित जवाफमा जिकिर लिइएको हुँदा रोडा, **ढुङ्गा र बालुवाको उत्खनन् र बालुवा प्रशोधन र क्रशर उद्योगको संचालन गर्दा निश्चय पनि प्रदुषण नियन्त्रण र स्वच्छ वातावरणलाई उत्तिकै ध्यान दिनु पर्ने हुँदा यी दुवै अवस्थालाई समकक्षमा राखेर नै व्याख्या र विश्लेषण गर्नु पर्दछ।**

२०) माथि उल्लेखित संवैधानिक व्यवस्था अनुसार नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा मर्यादापूर्वक बाँच्न पाउने जीवनको अधिकार रहेको छ। त्यसको सँग सँगै नागरकिलाई पेशा व्यवसाय तथा रोजगार र सम्पत्ति आर्जन, भोग र बेच बिखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक पनि रहेको छ। एकातर्फ नागरिकलाई यी मौलिक हक अधिकारहरु भए पनि देशलाई विकासको कार्यबाट पनि अगाडि बढाउँदै लैजानु पर्छ। विकासको कार्यलाई अघि बढाउँदा प्राकृतिक श्रोतहरूको पनि दिगो सदुपयोग गर्दै जानु पर्छ। विकासको लागि प्राकृतिक श्रोतहरूको पनि उपयोग गर्दा त्यसलाई अव्यवस्थित र जथाभावी रुपमा उत्खनन र दोहन गर्न हुँदैन। **रोडा, गिट्टी, ढुंगा र वालुवाहरु समेतलाई उत्खनन गरेर विकासको कार्यमा सदुपयोग गर्दा प्राकृतिक वातावरणको स्वच्छतालाई पनि कायम गर्नु पर्दछ। स्वच्छ प्राकृतिक वातावरणलाई नराम्ररी प्रभावित बनाउने गरी उद्योग र विकासको कार्यलाई मात्र प्राथमिकता र बढावा दिनु हुँदैन। प्राकृतिक साधन र श्रोतहरू कुनै उद्योग र व्यवसायहरूको निजी सम्पत्ति नभै यी देशका साझा सम्पत्ति हुन्। साझा सम्पत्तिउपर कुनै उद्योग र निजी व्यवसायहरूको मात्र आधिपत्य हुने नभै विकास निर्माणको कार्य गर्दा पनि यिनीहरूको संरक्षण र दिगोपनलाई त्यत्तिकै ध्यान दिनु पर्दछ। प्राकृतिक स्वच्छ वातवारण, प्रदुषण नियन्त्रण, प्राकृतिक श्रोतहरूको साझा सम्पत्तिको अवधारणा आदि विकास निर्माणको कार्य र नागरिकहरुको त्यससँग जोडिएको मौलिक हक अधिकारको विषय र क्षेत्र भन्दा उच्च स्थानमा नै रहने गर्दछ।** यस कारणले स्वच्छ वातावरणमा रहने र पेशा व्यवसाय तथा रोजगारी गर्न

पाउने नागरिकका मौलिक हक, प्राकृतिक श्रोतहरूको उत्खनन, संरक्षण र सदुपयोग, प्राकृतिक वातावरणको संरक्षण र प्रदुषण नियन्त्रण, विकास निर्माणको कार्य आदि यी सबै एक अर्काको पूरकको रुपमा रहेको हुँदा यी अधिकारहरुको प्रयोग व्यक्तिगत रुपमा प्रयोग र सो को दावी गर्दा सबै मौलिक अधिकार र विकास कार्यहरु बीच अनिवार्य रुपमा अन्तर समन्वय भै रहन अति जरुरी छ।

२१) **स्वच्छ वातावरणको हक मानव मर्यादा प्रतिष्ठा र सम्मानपूर्वक बाँच्न पाउने जीवनको हकसँग सम्बन्धित विषय भएकोले वातावरण स्वच्छ र स्वस्थ नभएसम्म नागरिकका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सुरक्षित हुन नसक्ने भएको हुँदा वर्तमान पुस्ताको त्यस्तो स्वच्छ वातावरणमा बस्न र बाँच्न पाउने अधिकारलाई संरक्षित गर्दै भावी पुस्ताको पनि स्वच्छ वातावरणको हकलाई सुनिश्चित गर्न भौतिक विकास र वातावरण संरक्षण बीच समुचित रुपमा सन्तुलन कायम गर्नु पर्ने** हुन्छ । स्वच्छ वातावण र दिगो विकासको लागि वनजंगल, पानीका मूल, जंगली जनावर, प्राकृतिक तथा खनिज स्रोत साधन, प्राकृतिक सम्पदा, ढुङ्गा, गिट्टी रोडा, वालुवा, वन पैदावरको सुरक्षा र संरक्षण गर्दै तिनीहरुको वैज्ञानिक तवरले उत्खनन् र उपभोग गर्न जरुरी हुन्छ । प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट स्वच्छ तथा स्वस्थ वातावरण संरक्षण र कायम गर्न वातावरण ऐन, २०५३ तथा नियमावली २०५४ को उद्देश्यअनुरुप वातावरणीय ह्रासलाई कम गरी प्राकृतिक स्रोत साधनको समुचित प्रयोगबाट समष्टीगत रुपमा वातावरणको संरक्षण गर्दै दिगो विकास पनि गर्ने ध्येय राखी कार्यान्वयनमा रहेको वातावरण ऐन, २०५३ तथा नियमावली २०५४ ले राष्ट्रिय सम्पदाको संरक्षण, प्रदुषणको रोकथाम तथा नियन्त्रण, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्याङ्कन, प्रयोगशालाको व्यवस्था, क्षतिपूर्ति दिने र ऐनको उल्लंघन भएमा सजाय समेत हुने कानूनी व्यवस्था गरी र साथै सम्वन्धित पक्ष, निकाय र अधिकारीले अपनाउनु पर्ने कार्यविधि र पुरा गर्नुपर्ने कर्तव्य र दायित्व समेतको बारेमा उल्लेख गरी वातावरण संरक्षणलाई जोड दिएको देखिएबाट वातावरण संरक्षणका लागि कानूनले तोकेको त्यस्तो कर्तव्य र दायित्व सम्वन्धित पक्ष, निकाय र पदाधिकारीले पुरा गर्नुपर्ने हुन्छ ।

२२) प्राकृतिक श्रोतहरूको जथाभावी उत्खनन्, बातावरण प्रदुषणमा नियन्त्रण र बालुवा, रोडा, गिट्टी र ढुङ्गालाई भारत निकासी गर्न रोकी पाउँ भनी यस्तै प्रकृतिको रिट निवेदक नारायण प्रसाद देवकोटा भएको संवत् २०६६ सालको रिट नं. ०६६-WO-

५२१ को रिट निवेदनमा मिति २०६७।०४।२१ मा वातावरण प्रदुषण र प्राकृतिक श्रोतको उत्खनन् र रोडा, गिट्टी, बालुवा र ढुङ्गालाई भारततर्फ निकासी गर्न रोक लगाउने गरी र साथै ती सबै कार्यको लागि नेपाल सरकारको सम्बन्धित निकायको संयोजकत्वमा एउटा समिति गठन गर्न भनी भएको आदेश बमोजिम ढुङ्गा, गिट्टी, बालुवाको व्यवस्थापन सम्वन्धमा मन्त्रीस्तरीय समिति गठन गरी सो समितिको सिफारीस कार्यान्वयन गर्न केन्द्र र स्थानीय स्तरमा अनुगमन समिति गठन भएको देखिन्छ। यस समितिबाट पनि बालुवा, रोडा गिट्टी र ढुङ्गाको अवैध र वैद्य उत्खनन् र त्यसको प्रयोगको सन्दर्भमा नियन्त्रण गर्न चालेका कदमहरु पनि प्रभावकारी हुन नसकेको र भएको नपाइए पनि त्यस सम्बन्धमा यदाकदा कहि कतै नियन्त्रण गर्ने प्रयास गर्न खोजेको देखिन्छ।

२३) प्रस्तुत विवाद त्रिशुली र तादी नदीबाट गैर कानूनी रुपमा रोडा, ढुङ्गा, बालुवा र गिट्टीको उत्खनन र त्यहाँ बालुवा प्रशोधन र क्रसरका उद्योगहरूको संचालनको विषय भएपनि यो विषय राष्ट्रकै एउटा समस्या भएको छ। नेपालको संविधानको धारा ५१ (६) मा नेपाल राज्यभित्रका ढुङ्गा, बालुवा, गिट्टी, रोडा लगायतका प्राकृतिक श्रोत साधन आदि कसैको निजी हुन नसक्ने र सम्पूर्ण जनताको साझा सम्पत्ती हुने कुरा स्पष्ट छ। खोला, नदी नाला, पानी, वन र जंगल जस्ता प्रकृति र त्यससँग सम्बन्धित जीवजन्तु, जीव प्राणी, घस्रने जन्तु, उड्ने चराचुङ्गी र जलचर काठ दाउरा, खनिज पदार्थ, वनस्पती, बालुवा, गिट्टी, ढुङ्गा आदि प्राकृतिक श्रोतहरूको पारिस्थितिकीय प्रणाली (Eco-System) सँग प्रत्यक्ष रुपमा सम्बन्धित रहेका हुन्छन्। यिनिहरुको उचित प्रयोग, संरक्षण र जगेर्ना गर्नको लागि अन्तर्राष्ट्रिय स्तर देखि नै धेरै प्रयासहरु हुँदै आई रहेका छन्।

२४) त्यहाँका ती नदी र खोलाको क्षेत्र आसपास र छेउछाउँमा गैर कानूनी रुपमा बालुवा प्रशोधन र क्रसरका उद्योगहरूको संचालन, मेशीन, जेसीभी र एक्साभेटरको प्रयोगले रोडा, गिट्टी, बालुवाको उत्खनन्, प्रशोधन तथा गिट्टी छान्ने र रात विरात ट्रेक्टर र टिपरबाट ढुवानी गर्ने कार्यहरु संचालन भै राखेको पाइन्छ। त्यस्तो उद्योग र कारखानाहरुले वातावरण संरक्षण ऐन, २०५३ ऐ. को नियमावली, २०५४ र वन ऐन, २०४९ र साथै जनसंख्या तथा वातावरण मन्त्रालयको रोडा, ढुङ्गा, संचालन तथा क्रसर उद्योगको दुरी सम्बन्धी मापदण्ड, २०७३ र ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले व्यवस्था र निर्धारण

गरेको कानूनी व्यवस्था र मापदण्डहरुलाई ती उद्योग र व्यवसायहरूले पूर्ण मात्रामा पालना गरेको हुनु पर्दछ। उद्योग स्थापना र संचालन गर्नु पूर्व प्रारम्भिक वातावरणीय परीक्षण (IEE) / वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को परिक्षणका कार्यहरु पनि पुरा गराइएको हुन पर्दछ। नदी जन्य वालुवा, रोडा, गिट्टी र ढुङ्गा जस्ता पदार्थहरु कानूनको रित पुऱ्याएर र तोकिएको मापदण्ड भित्र रहेर उत्खनन् गर्ने गरिएको छ छैन? उद्योगहरूको कानूनले तोकेको सबै शर्त र मापदण्डहरु पुरा गरी स्थापना र प्रत्येक वर्ष नविकरण भए नभएको? र तोकिएको मापदण्डहरु पुरा गरेर संचालन भै राखे नराखेको? खोला र नदीमा गैर कानूनी ढंगले जथाभावी रुपमा ट्रेक्टर, टिपर, एक्साभेटर र जेसिभी जस्ता साधनहरु प्रवेश गरे नगरेको? सम्बन्धमा स्थानीय निकाय, जिल्ला प्रशासन कार्यालय र घरेलु तथा साना उद्योग विकास समितिबाट समय समयमा नियमित रुपमा निरिक्षण अनुगमन गरी प्रतिवेदन तयार गरी पेश गर्ने गरेको पनि देखिंदैन। सबै नदी, चुरेक्षेत्र र खोलामा भै राखेको रोडा, गिट्टी र बालुवाको उत्खनन् र त्यहाँ स्थापित र संचालित अधिकांस बालुवा प्रशोधन र क्रसरका उद्योगहरू अव्यवस्थित र गैर कानूनी ढंगमा निर्वाध रुपले संचालन भै राखेको अवस्था देखिन्छ।

२५) केही बालुवा प्रशोधन र क्रसरका उद्योगहरू खोलाको माथि छेउमा जमिनमा रहेका छन्, कतिपय सार्वजनिक जग्गामा पनि रहेको स्थिति छ। यस्ता अधिकांस उद्योगहरू दर्ता नै नगरी गैरकानूनी रुपमा संचालित छन्। कानूनी रुपमा दर्ता भएका र नभएका सबै उद्योगहरू मापदण्ड विपरित संचालनमा रहेका छन्। यिनीहरूलाई नियमितता र मापदण्ड भित्र रहेर संचालन गराउनमा स्थानीय निकाय, जिल्ला प्रशासन कार्यालय र घरेलु तथा साना उद्योग विकाश समितिले पनि नियमित रुपमा कुनै चासो र सक्रियता अपनाउने गरेको देखिंदैन। त्यस्तो कार्यले वातावरण, वनस्पती र जीव प्राणीसँग सम्बन्धित र परनीर्भर रहेको पारिस्थितिकिय प्रणालीमा (Eco-System) नै असर पुग्न जान्छ। यसको समग्र असर र प्रभाव वातावरणको सम्पूर्ण क्षेत्रमा पर्न जान्छ।

२६) बालुवा, रोडा, गिट्टी र ढुङ्गा प्राकृतिक श्रोतहरू हुन। पहाडका ढुंगा र चट्टानहरुबाट नदी र खोलामा वर्षेनी यिनीहरूको जम्मा हुने क्रम निरन्तर भैरहेको हुन्छ। भवन, सडक, पूल आदि भौतिक संरचना निर्माणको कार्यमा यिनीहरूको अत्यधिक उपयोग हुने गर्दछ। बालुवा, रोडा, गिट्टी र ढुङ्गा पाउने स्थान पहाड, वनजंगल भित्र र त्यस

क्षेत्रबाट बगेर आउने अस्थायी वा स्थायी खोला र नदीहरू नै हुन। यिनीहरूलाई त्यहाँबाट उत्खनन् गरेर ल्याउने गरिन्छ।

२७) खोला र नदीको बालुवा, रोडा र गिट्टी उत्खनन् गर्न स्थानीय प्रशासनले निश्चित मापदण्ड तोकेर ठेक्कामा दिएको हुन्छ। प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) प्रतिवदेनमा चार पाँच फिटसम्म मात्र गहिरो उत्खनन् गर्न सकिने शर्त रहेको हुन्छ। हिउँदमा दुई, चार, पाच, फिट भन्दा बढी गहिऱ्याईमा उत्खनन् गर्न नपाउने शर्त उल्लंघन गरेर दश, पन्ध्र फिटसम्म गहिऱ्याई गरेर तोकिएको स्थान भन्दा अन्यत्र पूल कल्भर्ट, सडक र जमीनको नजिकबाट पनि नदी र खोलामा बालुवा र रोडा गिट्टी उत्खनन गर्ने कार्य भै रहेको छ।

२८) प्राकृतिक श्रोत र त्यस मध्येको हिमाल, पहाड, चुरे क्षेत्र र समथर तराई क्षेत्रका खोला नदीको ढुङ्गा, रोडा, गिट्टी, बालुवाको अव्यस्थीत उत्खनन र गैर कानूनी रुपमा त्यस क्षेत्रमा संचालित जेसिभि र एक्साभेटरको प्रयोग, बालुवाको प्रशोधन र रोडा गिट्टीको क्रसर उद्योगहरूको संचालन कार्यले त्यस क्षेत्रको खोला, नदी, जमीन, गाउँ वस्ती र वनलाई नोक्सान पुऱ्याई रहेको हुन्छ। गिट्टी, ढुङ्गा, रोडा बालुवा जस्ता प्राकृतिक श्रोतको उत्खनन् र दोहनको विस्तारले जथाभावी रुख फडानी गर्ने क्रियालाई पनि बढावा र प्रोत्साहित गर्दा, पधेरा र खोल्सा खोल्सीका पानीका मूलहरूलाई प्रभावित पारेको छ, यसबाट मानवजाती र वनजंगलका जीवजन्तुहरूलाई नराम्ररी असर पुऱ्याई रहेको छ।

२९) बालुवा र गिट्टी मध्ये विशेषतः बालुवा संसार कै सव भन्दा बढी उत्खनन् र प्रयोग हुने वस्तु हो। यसको उत्खनन् गर्ने कार्य अव्यवस्थित र अनियन्त्रित रुपमा बढ्दै र फैलदै गएको छ। यसको उत्खनन्को क्षेत्रमा वातावरणविद्हरुको स्वर पनि त्यती मत्थर छैन। संसारमा यो नै कम नियमित र संभवतः बढी नै भ्रष्ट रहेको र वातावरणलाई नोक्सान पुऱ्याउने क्षेत्र हो। यस क्षेत्रको कार्यमा "आपराधिक गिरोह" र "माफियाहरु" पनि त्यतिकै सक्रिय रहेका हुन्छन्, जसले अवैध ढंगले बालुवा र गिट्टीको उत्खनन्को कार्य गर्ने गर्दछन् र त्यसमा अवरोध पुऱ्याउनेहरू उपर लुकेर, छलेर वा परोक्ष रुपमै सांघातिक आक्रमणहरु पनि गर्ने गर्दछन, गराउँछन र हुने गरेको पनि पाइन्छ। अवैध ढंगले बालुवा र रोडा उत्खनन् गर्नेलाई हिंसात्मक समूहले सुरक्षा दिइरहेका हुन्छन्। यो अहिले विश्व भरीको नै विकराल समस्याको रुपमा अघि बढिरहेको छ। यस क्षेत्रमा कुनै कानून बनाएर नियन्त्रण र व्यवस्थित

बनाउन सकिएको छैन। विश्वमा श्रीलंका एउटा देशले मात्र नदीको बालुवा र गिट्टीहरु उत्खनन् गर्ने कार्यको सम्बन्धमा ऐन बनाएर नियमित गरेको पाइन्छ।

३०) सं. रा. सं. को वातावरणीय कार्यक्रम (United Nations Environmental Programme) को एउटा अनुमानले एक वर्षमा विश्वमा चालिस विलियन टन भन्दा बढी बालुवाको खपत हुने गर्दछ। यो कार्यबाट वातावरणमा असर पर्ने सम्बन्धमा बहुत कम मूल्याङ्कन गर्ने गरिन्छ। यसका ऐन कानूनहरु पनि कमजोर रहेका हुन्छन्। बालुवा र गिट्टी उत्खनन गर्ने तौर तरिकाबारे खास किसिमको वैज्ञानिक पद्धतीको अभावले पनि बालुवा र रोडा उत्खननमा भेदभाव र असमान परिस्थितिलाई सिर्जना गरेको छ भने कमजोर प्रशासनिक प्रणाली र आर्थिक अनियमितताले पनि बालुवा र गिट्टीको गैरकानूनी उत्खनन्को कार्य बढी रहेको पाइन्छ।

३१) यसरी रोडा, गिट्टी, बालुवा र ढुङ्गा उत्खनन गर्ने कार्यको सिधा सम्बन्ध विकास निर्माण र वातावरणसँग प्रत्यक्ष रुपमा जोडिएको हुन्छ। नदीजन्य प्राकृतीक श्रोतहरूको गैरकानूनी, अनियन्त्रित र जथाभावी रुपले उत्खनन गर्दा वातावरण, गाउँ वस्ती, खेतीयोग्य जमीन र वन जंगल, वनस्पती, जीवजन्तु आदिलाई प्रत्यक्ष रुपमा प्रभाव र असर पारिरहेको हुन्छ। यी समस्त स्थिति र चीजहरुलाई गंभीर रुपमा असर र प्रभाव पारेर विकास निर्माणको कार्यको लागि भनी नदी जन्य बालुवा, रोडा, गिट्टी र ढुङ्गा जस्ता प्राकृतिक श्रोतहरूको जथाभावी रुपमा उत्खनन् र दोहन गर्ने कार्यलाई किन्चित पनि प्रश्रय दिनु हुँदैन।

३२) **प्राकृतिक श्रोतहरू सार्वजनिक न्यासको सिद्धान्त (Public Trust Principle) अन्तर्गत राज्य र त्यस भूगोलमा बस्ने जनताका पनि साझा सम्पती हुन। राज्य देशकै अभिभावक र संरक्षक (Trustee, Guardian or Protector) भएको हुँदा संविधान र कानूनको माध्यमद्वारा त्यसको संरक्षण गर्नु पर्ने दायित्व पनि उसको हुन जान्छ। साथै राज्यले यस्तो राष्ट्रिय प्रकृतिको साझा सम्पत्ती जस्तो प्राकृतिक श्रोत कानूनको प्रक्रिया अपनाएर ठेक्का र टेण्डरमा दिए पनि गैर कानूनी तरिकाले कानूनी सिमा र दायरा भन्दा बाहिर गएर वन, जंगल, घाँस, दाउरा, पानी, वनस्पती, जीव जन्तुको वासस्थान, गाउँ वस्ती, जमीन, प्रकृति जस्ता आम समुदाय, वातावरण र प्राणी जगतसँग सम्बन्धित चीजवस्तु र क्षेत्रलाई असर पुऱ्याउने गरी जथाभावी अनियन्त्रित रुपमा उत्खनन गर्ने अधिकार कसैलाई पनि हुँदैन।**

३३) **विकासको कार्य राष्ट्र र सार्वजनिक हितकै लागि हुने भएपनि समग्र वातावरण र त्यस क्षेत्रका गाउँ, वस्ती, वन, जंगल, पानी, वनस्पती र जमीनसँग सरोकार राख्ने आम जनता र समस्त जीव प्राणीहरुको वासस्थान समेतलाई असन्तुलीत रुपमा प्रभाव र असर पार्ने गरी गरिने विकास निर्माणको कार्यलाई दिगो विकास र सार्वजनिक न्यासको (Sustainable Development and Public Trustee) सिद्धान्त र अवधारणाले अनुमती दिदैन।** रोडा, गिट्टी, बालुवा, ढुङ्गा, पानी, जंगल, वनस्पती, स्वच्छ वातावरण र स्थीर जलवायु, जीवजन्तु र प्राणीको वासस्थानहरु दिगो भौतिक विकासको तुलनामा अझ दिगो र चिरकाल सम्म रही रहनु पर्छ। यी सबै कुराहरु एउटा समयकाल र पुस्ताले मात्र प्रयोग गर्ने भन्ने होइन यी त समपुस्ता र समन्यायको सिद्धान्त बमोजिम वर्तमान पुस्ताले आवश्यक मात्रामा सदुपयोग र संरक्षण गर्दै अन्तरपुस्ता समन्यायको सिद्धान्त अन्तर्गत भावी पिढी र पुस्ताको लागि पनि जस्ताको त्यस्तै रुपमा हस्तान्तरण गर्नु पर्ने हुन्छ। यसरी दिगो विकासको सन्दर्भमा दिगो विकास (Sustainable Development) सार्वजनिक न्यास (Public Trust), अन्तरपुस्ता समन्याय (Inter-generational Equity) र समवंशीय समन्याय (Intra-generational Equity) को सिद्धान्त र अवधारणाको बीचमा संतुलित र समन्यात्मक किसिमको सम्बन्ध राखी प्रयोग गर्नु पर्दछ।

३४) विकास एउटा पाटो हो र प्रकृति, श्रोत र वातावरणको संरक्षण गर्नु पर्ने अर्को पाटो हो। यी दुवै बीच गम्भिर र योजनावद्ध रुपमा नै संतुलित हुनु पर्छ। प्राकृतिक श्रोतको अव्यवस्थीत उत्खनन् र दोहनले प्रकृति, जमीन, वनजंगल र वातावरणलाई गम्भिर क्षति र असर पनि पुऱ्याउन भएन भने तिनीहरुको पनि योजनावद्ध ढंगले संरक्षण गर्दै विकासको गतिलाई पनि बढाउँदै लैजानु पर्छ। अपरिहार्य रुपमा आवश्यक भएको र न गरि नहुने ठाउमा विकास गर्दा प्रकृति, वन, जंगल, पानी, रोडा, गिट्टी, बालुवा आदिको उत्खनन् र तिनीहरुको उद्योग र व्यवसाय संचालनको कार्यलाई पनि योजनावद्ध र व्यवस्थीत ढंगले नै संचालन गर्नु पर्ने हुन्छ। **विकास र वातावरणलाई एक अर्काको सहायक र पुरकको रुपमा नै हेर्नु पर्छ। यदि पृथ्वी नै सुरक्षित रहेन भने विकास कुन स्थानमा गर्ने हो? पृथ्वी सुरक्षित न रहे पृथ्वीका महत्वपूर्ण रुपका सिमित श्रोतहरू विलिन हुन पुग्छन्।**

३५) नेपालमा वातावरण सम्बन्धी कानून न भएर हैन कि भएर पनि त्यसको कार्यान्वयन पक्ष फितलो भएकोले वातावरण सम्बन्धी सुशासन कमजोर छ। वातावरण

व्यवस्थापनको लागि धेरै क्षेत्रका पदाधिकारीहरु छन् तर तिनीहरुको बिचमा कमजोर किसिमको सम्बन्ध रहेको छ। प्रदुषण नियन्त्रणको नीतिलाई भन्दा विकास सम्बन्धी नीतिहरुले बढी भन्दा बढी रोजगार दिने र आयश्रोत बढाउँनलाई प्राथमिकता दिन्छ, प्रदुषण नियन्त्रणको नीतिमा वातावरण र विकास एउटै सिक्काका दुई पाटा हुन। वातावरणमा विशेष गरी हाम्रो क्षेत्रीय न्यायोपन, हरियो वन जंगललाई पर्ने प्रभाव, प्रतिदिन हावा र पानीमा बढ्दै गरेको प्रदुषणको बारेमा हेर्छौं भने त्यसको साथै गरिबीलाई हटाएर अर्थतन्त्रमा वृद्धी गरी विकासलाई बाध्यात्मक (mandatory) बनाउने गरिन्छ। अर्थतन्त्रको विकास विना एउटा देश गरिवीको दुष्चक्रबाट बाहिर आउन सक्तैन। यसैले आर्थिक बृद्धी र प्राकृतिक श्रोतहरूको उपयोग बीच महत्वपूर्ण संतुलन कायम गर्न अति आवश्यक हुन जान्छ। स्वच्छ वातावरण विनाको विकास अर्थहिन हुन जान्छ। वातावरण प्राकृतिक श्रोतहरूसँग नजिक र सम्बन्धित हुन्छ। यसैले हाम्रो प्राकृतिक श्रोतहरूलाई भावी सन्ततीहरुको लागि बचाएर राख्नु पर्दछ यसको लागि दिगो विकासको अवधारणालाई मनन् गरेर दुवै बीच सामञ्जस्यता अपनाउनु पर्ने हुन्छ।

३६) प्राकृतिक श्रोत माथिको विनासले जलवायु परिवर्तनमा पनि गम्भिर असर पारेको छ। पानीका मुहान सुक्दै जानथालेका छन्, हिमतालहरु फूटन लागेका छन्, अनावृष्टी र अल्पवृष्टि जस्ता समस्याहरु देखा परिरहेका छन्, दुई हजार मिटरसम्मको उचाईसम्म लामखुट्टे देखा पर्न थालेका छन्, वन्यजन्तु लोप हुदैछन्, हैजा जस्ता महामारी बर्सेनी फैलिरहने संभावना भै रहेको छ। वर्षेनी बाढीको समस्या बढ्ने र नदीनालाको सतह घट्दै जानुको कारण वातावरण विनासका परिणामहरु नै हुन । वन जंगलमा भएको क्षति र वन जंगलको फडानी समेतका कारणले तापक्रम बढी रहेको छ र यसले पनि जलवायु परिवर्तनमा गम्भिर प्रभाव पारिरहेको छ। यसप्रकार जलवायु परिवर्तन र तापक्रम वृद्धिले विश्वमा वन जंगल, जैविक विविधता, कृषि, जलसम्पदा, हिमालय, पर्यटन, उर्जा र मानव स्वास्थ्य जस्ता सम्पूर्ण पक्षमा असर परिरहेको छ। जलवायु परिवर्तनमा पर्ने प्रभावलाई रोक्नको लागि वन जंगल र चुरेभावरको समेत संरक्षण हुन जरुरी छ।

३७) २०६६ सालमा दायर भएको रिट नं. ०६६-WO-०५२१ को उत्प्रेषण मुद्दामा मिति २०६७।४।२१ मा भएको फैसला पश्चात् रोडा, गिट्टी ढुङ्गा र बालुवाको उत्खनन् प्रशोधन र बिक्रीको व्यवस्थापनको संवन्धमा सरकारले कार्यगत रुपमा निरन्तर

प्रयासहरु गर्दै आएको देखिन्छ। उक्त फैसला पछि ढुङ्गा गिटी बालुवाको आन्तरिक उपयोग एवं निकासी प्रयोजनको लागि खानी नदी किनारा तथा वन क्षेत्रबाट उत्खनन् संचालन, बिक्री वितरण गर्दा वातावरणीय प्रतिकूलता भूक्षय, वन विनाश आदि जस्ता पर्यावरणीय क्षेत्रमा गम्भिर प्रभाव परेको सम्बन्धमा उपयुक्त निर्णय गर्न नेपाल सरकारलाई सिफारिस गर्न नेपाल सरकार (मन्त्रीपरिषद्) ले मिति २०६६।९।२९ मा मन्त्रीस्तरीय समिति गठन गरेको देखिन्छ। समितिले २०६६।१०।६ गते सो सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न गठन गरेको कार्यदलले पेश गरेको प्रतिवेदनको आधारमा समितिले ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन्, प्रशोधन, ढुवानी र बिक्री वितरण एवं ठेक्का पट्टाको अव्यवस्थित पद्धतीलाई सुधार गरी नकारात्मक असर रोक्न र यो पद्धतीलाई व्यवस्थित गर्न नेपाल सरकार, मन्त्रीपरिषद्मा तत्काल गर्नु पर्ने कार्यहरु, नीतिगत व्यवस्था र निकासी सम्बन्धी व्यवस्था र विविध विषयमा मिति २०६६।१२।१६ गते प्रतिवेदन पेश गरेको छ। उक्त प्रतिवेदनमा उल्लेखित प्रावधान अनुसार अनुगमन, समन्वय र आवश्यक कारवाही गर्ने गराउने व्यवस्थाको लागि केन्द्रीय अनुगमन समिति जिल्लास्तरीय अनुगमन तथा समन्वय समिति समेत गठन गरी उनीहरुबाट बालुवा रोडा, गिटी, ढुङ्गाको व्यवस्थापन अनुगमन गर्नु पर्ने भनिएको छ। उक्त प्रतिवेदनमा उल्लेखित कार्यहरु गर्न मन्त्री परिषद्को कार्यालयले मिति २०६६।१२।१७ गते सम्बन्धित मन्त्रालयहरुलाई निर्देशन समेत जारी गरेको स्थिति देखिन्छ।

३८) नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७०।०३।२७ को निर्णयबाट स्वीकृत भएको रोडा, ढुङ्गा, गिट्टी तथा बालुवा नियमन सम्बन्धी प्रतिवेदन पनि कार्यान्वयन गरेको अवस्था देखिन्छ। सरकारले उक्त प्रतिवेदनमा समावेश नरहेका विषयहरुका सम्बन्धमा साविक बमोजिमको प्रतिवेदन २०६७ मा उल्लेखित व्यवस्थाहरुलाई नै कार्यान्वयन गर्नु पर्छ पनि भनेको छ। मन्त्रीपरिषद्को मिति २०७०।०३।२७ को निर्णयानुसार रोडा, ढुङ्गा, गिट्टी तथा बालुवा नियमन तथा विदेश निकासी सम्बन्धी प्रतिवेदन, २०६९ मा उल्लेखित राजमार्ग, खोला किनारा, शिक्षण संस्था, स्वास्थ्य संस्था, आर्थिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकाय, वन, निकुञ्ज र आरक्षण एवं घनावस्तीबाट कायम भएको दुरीको सट्टामा मन्त्रि परिषद्को मिति २०७०।०५।१७ को निर्णयले बेग्लै दुरी कायम गरी लागु गरेकोमा सोको

सट्टामा पुनः बनेको रोडा, ढुङ्गा संकलन तथा क्रशर उद्योगको दुरी सम्बन्धी मापदण्ड २०७३ लागु हुन आयो। यसैको आधारमा "बागमती प्रदेश, प्रदेश नं. ३ सरकारले" नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ जारी गरेको अवस्था छ।

३९) नेपाल सरकार मन्त्रिपरिषद्‌बाट मिति २०७७।०।४।०५ मा "ढुङ्गा, गिट्टी, तथा बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" स्वीकृत भै कार्यान्वनमा रहेकोमा यसका व्यवस्थाहरुको कार्यान्वनमा कठिनाई देखिएको, कतिपय व्यवस्था अव्यवहारिक रहेको र केही विषय थप गर्नु पर्ने देखिएबाट उक्त मापदण्डलाई सरोकारवाला हरुसँग परामर्श र सुझाव लिएर परिमार्जन गर्नु पर्ने भनी भनेको छ। यो रोडा, ढुङ्गा, गिटी तथा बालुवालाई व्यवस्थित र नियमन गर्न सरकारले पनि धेरै प्रयासहरु गर्दै आएको छ। अहिले संघीय सरकारबाट ढुङ्गा, गिटी तथा बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ जारी गरी यसैको आधारमा रोडा, ढुङ्गा, गिट्टी तथा बालुवाको उत्खनन् प्रशोधन र बिक्रीको कार्यलाई व्यवस्थापन गर्दै आएको देखिन्छ।

४०) नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७०।०३।२७ र मिति २०७०।०५।१७ को निर्णयले पनि श्री सर्वोच्च अदालतबाट २०६६ सालको रिट नं. ०६६-WO-०५२१ को परमादेश मुद्दामा मिति २०६७।०४।२१ मा जारी भएको आदेशलाई प्रमुख आधार मानी समय समयमा रोड, गिट्टी, ढुङ्गा, बालुवाको उत्खनन् र बालुवा प्रशोधन र क्रशर उद्योग संचालनको सम्बन्धमा विभिन्न मापदण्ड र शर्तहरु उल्लेख गरी निर्देशिका बनाएर, निर्देशन जारी गरेर व्यवस्थापन गर्दै आएको देखिन्छ। यसरी नै प्रस्तुत मुद्दा दायर हुनु भन्दा पछि बनेको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी भएको पाइन्छ । ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ११ ले क्रशर उद्योग संचालनका लागि दुरी सम्बन्धी मापदण्ड तोक्दै क्रसर उद्योग संचालन गर्दा देहाय बमोजिमको दूरी सम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ भन्ने व्यवस्था भएको देखिन्छ ।

| क्र.सं | विवरण | कायम दूरीको मापदण्ड |
|---|---|---|
| १ | राजमार्गको राईट अफ वे बाट | ५०० मिटर |

| | | |
|---|---|---|
| २ | खोला वा नदी किनारबाट | ५०० मिटर |
| ३ | शिक्षण संस्था, स्वास्थ संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | २ किलोमिटर |
| ४ | पक्की पुलबाट | ५०० मिटर |
| ५ | अन्तर्राष्ट्रिय सिमाबाट | २ किलोमिटर |
| ६ | वन, निकुञ्ज तथा आरक्षबाट | २ किलोमिटर |
| ७ | घना बस्तीबाट | २ किलोमिटर |
| ८ | हाईटेन्सन लाईनबाट | २०० मिटर |
| ९ | ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट | ५०० मिटर |
| १० | चुरे पहाडको फेदीबाट | १५०० मिटर |

४१) यसरी अब नयाँ दर्ता हुने क्रसर उद्योगहरूले सम्बन्धित ऐन नियमका साथै यस मापदण्डको व्यबस्थालाई पनि अनिवार्य पालना गर्नु पर्ने हुन्छ । यसै मापदण्डको दफा ११ को (९) उपदफा (१) को दूरी सम्बन्धी मापदण्ड पूरा नहुने गरी संचालनमा रहेका क्रसर उद्योगलाई सम्बन्धित गाउँपालिका वा नगरपालिकाले एक वर्षभित्र वातावरणीय अध्ययन गराई स्थानान्तरण गर्न लगाउनु पर्नेछ र यसरी स्थानान्तरण हुन नमान्ने उद्योगको हकमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले दर्ता खारेजीको लागि सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने व्यवस्था गरेको देखिन्छ । यसरी अगाडि देखि नै संचालनमा रहेका उद्योगहरूका हकमा पछि थप भएका उक्त मापदण्डका व्यवस्थाहरु पालना गर्न र अपनाउन मनासिव माफिकको समय दिएर सुधार गरी कार्यान्वन गर्दै लैजानु पर्छ।

४२) संविधानले नागरिकको विभिन्न मौलिक हकको क्षेत्रलाई व्यवस्था गरेको छ। यसमा नागरिकको स्वच्छ वातावरणमा मर्यादित तरिकाले बाँच्न पाउने अधिकारको व्यवस्था समेत रहन गएको छ। यो अवधारणा भित्र देशको प्राकृतिक श्रोत, वनस्पती, वन जंगल, ढुङ्गा, गिट्टी र बालुवाहरुको उत्खनन, नदी खोला र आसपासका गाँउ वस्ती, जमीन, वन जंगल, पानी, वनस्पती, जीव प्राणीहरुको बासस्थान, सडक र पूलहरुको पनि संरक्षण र कानूनको प्रक्रिया पुरा गरेर व्यवस्थित तरिकाले त्यसको उपयोग पनि गर्दै जानु पर्छ भन्ने नीतिलाई अख्तियार गर्नु पर्ने देखिन्छ। ढुङ्गा, गिट्टी, रोडा र बालुवाको श्रोत चुरे भावर पहाडको क्षेत्र नै हो, त्यहाँका चट्टान र ढुङ्गा बाट निश्रृत

भएका ढुङ्गा, गिट्टी, रोडा, बालुवाहरुलाई प्रक्रियागत रुपमा व्यवस्थीत तरिकाले व्यवस्थापन गर्दै गएनौं भने हाम्रो नदी, खोला र सो सँग जोडिएका क्षेत्रहरु अग्ला र बस्ती र जमिनहरु होचा हुदैं जान्छन् । यस्तो स्थितिले कालान्तरमा बस्ती र खेतीका जमिनहरु पनि बालुवा र बगरमा परिणत हुन पुग्छन्। यस कारणले पनि नदी र खोलाका गिट्टी, ढुङ्गा, रोडा र बालुवाहरुको पनि समानान्तर र संतुलित रुपमा उत्खनन भै रहन आवश्यक छ। यसको उत्खनन पनि कानूनी प्रक्रियालाई पुरा गरेर वैज्ञानिक र व्यवस्थित तरिकाले हुन जरुरी छ, यसरी उत्खनन् गरिदा वातावरण र पारिस्थितिकीय प्रणाली (Eco- System) बमोजिम त्यससंग आवद्ध क्षेत्रको पनि संरक्षण र स्वच्छता कायम राखी रहन जरुरी छ। अर्को तर्फ नागरिकको पेशा व्यवसाय र रोजगार गर्ने संवैधानिक अधिकार पनि उत्तिकै महत्वपूर्ण रहेको छ। **नागरिकको पेशा व्यवसाय र रोजगारको यो मौलिक अधिकार पूर्णतः निरपेक्ष भने होइन। देशको प्राकृतिक श्रोत, सम्पदा, स्वच्छ वातावरण, वनजंगल, जंगली जीवजन्तु, वनस्पतीहरु राष्ट्रिय र साझा सम्पत्ती हुन्, यिनीहरूको स्थायी र दिगो संरक्षण हुन आवश्यक छ, यिनीहरूको दिगो संरक्षण गर्ने हेतु नागरिकको पेशा व्यवसाय र रोजगारको हक उच्च हुन सक्दैन, गौण नै हुन जान्छ। स्वच्छ वातावरण कायम राख्ने र प्राकृतिक श्रोतहरूको संरक्षण गर्ने सम्बन्धमा त्यस्ता सम्पदा वातावरण र प्राकृतिक श्रोत उपर नागरिकको पेशा व्यवसाय र रोजगारको हक स्वच्छन्द र निरपेक्ष रुपमा हावी हुन सक्दैन।** यस कारणले देशको हिमाली, पहाडी, चुरे भावर र तराई क्षेत्रमा वगेका र रहेका नदी र खोलाका ढुङ्गा, गिट्टी, रोडा र बालुवाहरुलाई उत्खनन् गर्ने कार्य कानून र निर्धारित मापदण्डको दायरा भित्र नै रहेर गर्नु पर्दछ।

४३) निवेदकहरुले उद्योग संचालनका लागि कम्पनी तथा फर्म दर्ता गरी रोडा ढुङ्गा बालुवा प्रशोधनका लागि वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली, २०५४ साथै अन्य सम्पूर्ण प्रचलित कानूनअनुसारका कार्यविधि तथा प्रकृयाबमोजिम प्रारम्भिक वातावरणीय परिक्षण (Initial Environment Examination) स्वीकृत गरी उद्योग स्थापना तथा इजाजत प्राप्त गरेको अवस्था छ । निवेदक कम्पनीहरुले हाल सम्मको कर चुक्ता प्रमाण पत्र र कम्पनि अध्यावधी गरेको प्रमाण पत्रको प्रतिलिपी बहसको क्रममा इजलास समक्ष पेस गरेको देखिन्छ । नुवाकोट जिल्लाका संचालनमा रहेका क्रसर तथा बालुवा उद्योगहरूको विवरण संकलनको लागि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा मिति २०७४।११।३० देखि २०७४।१२।०६

सम्म स्थलगत रुपमा अनुगमन गर्दा निवेदकका उद्योगहरुको Sedimentation tank को राम्रो व्यवस्थापन नभएको र अन्य शर्तहरु पुरा गरेको नदेखिँदा उद्योग विकाश शाखा, विदुर नुवाकोट समेतबाट अनुगमन टोलीको रोहवरमा अर्को आदेश नभएसम्मका लागि उद्योग बन्द गर्न स्थलगत रुपमै पत्र बुझाउने निर्णय गरेको मिसिल संलग्न कागज प्रमाणबाट देखिन्छ । यस अदालतमा विचाराधीन रही आज यसै इजलासबाट अन्तिम आदेश भएको ०७४-WO-०७०४ को रिट निवेदनमा मिति २०७५।१।५ मा "त्रिशुली र तादी नदीबाट गैह्र कानूनी रुपमा उत्खनन् र संचालन गरिएको रोडा, ढुङ्गा, बालुवा प्रशोधन उद्योगहरू संचालन गर्न नदीनु, तत्काल बन्द गराई वातावरण संरक्षण गर्नु" भनी अन्तरिम आदेशसमेत जारी भएको देखिन्छ। कानून बमोजिम दर्ता भै संचालनमा रहेका निवेदक समेतका उद्योगहरू उपरोक्तानुसार अन्तरीम आदेश जारी भए देखि बन्द नै रही रहेको अवस्था छ। यसै अवधिमा अनुगमनले औंल्याएका मापदण्ड सम्बन्धी सम्पूर्ण कमिकमजोरीहरु व्यबस्थापन गरी सकेको भनी निवेदकले बहसको क्रममा जानकारी गराएको पाईन्छ। यसै लगाउका ०७४-WO-०७०४ को रिट निवेदनमा निवेदकका उद्योगहरुलाई विपक्षी समेत बनाएको मिसिलबाट नदेखिंदा निवेदक उद्योगहरुले आफ्नो अवस्थाको बारेमा अदालतलाई जानकारी गराउन सक्ने बाटो र आधार नै भएन। उद्योगहरूको काम कारवाहीकै कारण वातावरणीय सन्तुलन बिग्रन गएको छ छैन? भनी निष्कर्षमा पुग्न ती उद्योगहरूको भनाई समेतलाई बुझ्नु पर्ने हुन्छ। त्यसैको लागि पनि त्यहाँ संचालित निवेदकसमेतका उद्योगहरूलाई विपक्षी बनाउनु पर्नेमा सो समेत गरेको देखिएन ।

४४) जुन रिट नं. ०७४-WO-०७०४ को रिट निवेदनमा जारी भएको अन्तरिम आदेशको आधारमा यी निवेदक समेतको उद्योगलाई बन्द गर्न पत्र दिएको छ, सो निवेदनमा यी निवेदक उद्योगहरुलाई विपक्षी नबनाई सरकारी कार्यालय र निकायलाई मात्र बनाएको छ। यी निवेदक उद्योगलाई विपक्षी नै नबनाइएको रिट निवेदनमा जारी भएको अन्तरिम आदेशको आधारमा निवेदकहरु समेतको उद्योग बन्द गर्न पत्र प्रेषित गरिएको छ। उद्योग बन्द गर्ने सूचना दिनु अघि आफ्नो उद्योग बन्द गर्नु भन्नाको कारण के हो? त्यस सम्बन्धमा यी निवेदक उद्योगहरुसँग केही पनि सोध पुछ गरिएको छैन। उद्योग संचालन गरिरहेको निवेदकको पेशा व्यवसाय गर्ने हकलाई स्थानीय प्रशासनले नियन्त्रण गर्दा त्यस पूर्व निवेदक उद्योगलाई प्राकृतिक

न्यायको सिद्धान्त (Principle of Natural Justice) बमोजिम सामान्य जानकारी गराएर त्यस बारेमा केही सोधपुछ गरी निवेदक उद्योगहरुलाई पनि आफ्नो भनाई राख्ने र व्यक्त गर्ने मौका दिनु पर्नेमा सो समेत दिएको देखिंदैन।

४५) निवेदकहरुको उद्योग सम्बन्धी सक्कल फाईल हेर्दा, निरञ्जन रोडा, ढुङ्गा उद्योग प्रा.लि.को कर चुक्त प्रमाणपत्र २०७२ साल सम्मको छ, त्यसयताको अधावधिक गर्नु पर्ने अवस्था छ। श्री वर्ल्ड स्टोन क्रशर क्रशर उद्योग प्रा.लि. को IEE Report नै छैन, यस सन्दर्भमा उद्योग स्थापना गर्न अनुमती दिने कार्यालयले गम्भिर गल्ती गरेको देखिन्छ। त्यस उद्योगको हकमा प्रारम्भिक वातावरण मूल्याङ्कनको शर्त पुरा गराउन लगाउनु पर्ने हुन्छ। यी वाहेक निवेदक उद्योगहरुको प्रारम्भिक वातावरण परिक्षण (IEE) स्वीकृत भएको र करचुक्ताको प्रमाणपत्र पेश भएको र अन्य शर्तहरु पुरा भएको अवस्था छ। जिल्ला प्रशासन कार्यालय, नुवाकोटका प्रमुख जिल्ला अधिकारीबाट क्रमशः २०७४ साल फागुन ३०, चैत्र १, चैत्र २, चैत्र ६ गते भएको अनुगमन निरिक्षण गरी तयार पारेको प्रतिवेदनमा निवेदक उद्योगहरु मध्ये निरञ्जन रोडा, ढुङ्गा उद्योग प्रा.लि. र श्री वर्ड स्टोन क्रशर उद्योग प्रा.लि.को बालुवा प्रशोधन गरिएको Sedimentation Tank नभएको, त्रिशुली एग्रीगेट एण्ड ईण्डष्ट्रिज प्रा.लि. र श्री कृष्ण विशाल स्याण्ड वासिङ्ग उद्योग एण्ड सप्लायर्सको पनि Sedimentation Tank नभएको र अन्य शर्त पालना नभएको भन्ने व्यहोरा उल्लेख छ। निरिक्षणबाट ती उद्योगहरुमा Sedimentation Tank नभएको र अन्य शर्तहरु पालना नभएको भनी उल्लेख भए पनि ती उद्योगहरुलाई पनि घरेलु तथा साना उद्योग विकास समितिबाट २०७४ सालमा निरिक्षण गरी लेखेको पत्रमा २०७१ साल असार मसान्त पछि संचालन गर्न रोक लगाइएको र अहिलेको निरिक्षण प्रतिवेदनबाट पनि Sedimentation Tank नभएको भन्ने व्यहोरा उल्लेख गरी उद्योग बन्द गर्न भनिएको छ। यस प्रकार कानून बमोजिम दर्ता भएका निवेदक उद्योगहरुको प्राविधिक पक्षमा सुधार गर्नु पर्ने प्रकृतिका केही कमी र कमजोरीहरु रहे भएको अवस्था देखिन्छ।

४६) उक्त मितिमा हिमाल एग्रीगेट प्रा.लि., श्री विशाल रोडा, ढुङ्गा उद्योग प्रा.लि.को निरिक्षण गरिएको देखिंदैन, यी दुई उद्योगको नाम निरिक्षण प्रतिवेदनमा नहुँदा यी उद्योगको निरिक्षण नै नभएको र उद्योगको प्राविधिक पक्षमा के कमी र कमजोरी रहेको छ? केही पनि खुल्दैन। यी उद्योगमा निरिक्षण नगरीकन नै घरेलु तथा साना

उद्योग विकास समिति नुवाकोटले हिमाल एग्रीगेट प्रा.लि.लाई मिति २०७१।४।११ मा पत्र लेखी २०७१ असार मसान्तपछि संचालनमा रोक लगायएकोले बन्द नभएको हुँदा पत्र प्राप्त हुनासाथ बन्द गर्नु भनेको र श्री विशाल रोडा, ढुङ्गा उद्योगलाई सोही मितिमा नै पत्र लेखी पत्र प्राप्त हुनसाथ उद्योग बन्द गर्न भनेको देखिन्छ। यसरी यी उद्योगहरुमा निरिक्षण नगरी प्रतिवेदन नदिई एकै चोटी उद्योग बन्द गर्न भनी पत्र लेखिएको देखिंदा घरेलु विकास समितिबाट उद्योग बन्द गर्न लगाउँदा पनि सवै कानूनी प्रक्रियाहरु पुरा गरेको देखिन आउँदैन।

४७) त्रिशुली र तादी नदीबाट रोडा, ढुङ्गा, बालुवा उत्खनन तथा संकलन गर्ने कार्य प्रत्येक वर्ष जिल्ला समन्वय समितिले आफ्ना प्राविधिकहरूबाट उक्त नदीहरूको अवलोकन गरी के कुन ठाउँबाट, के कति मात्रामा वालुवा, रोडा, ढुङ्गा निकाल्न मिल्ने, नमिल्ने सम्बन्धमा IEE गरी तोकिदिएको स्थानबाट जिल्ला समन्वय समितिको अनुमतीले राजश्व बुझाई निवेदकले संकलन गरी आएका छन् । उक्त स्थिति मिसिल संलग्न सो सम्बन्धि पत्र, IEE Report तथा राजश्व बुझाएको रसिद समेतबाट प्रष्ट हुन गएको देखिएबाट निवेदकले गैर कानूनी रुपमा उद्योग संचालन गरी वातावरण प्रदुषण हुने कार्य गरेको पुष्टी हुन आएन ।

४८) यस अदालतबाट यसै लगाउका ०७४-WO-०७०४ को रिट निवेदनमा वातावरण संरक्षण ऐन, २०५३ को दफा ९ र १० का आधारमा अन्तरिम आदेश जारी भएको पाइन्छ। वातावरण संरक्षण ऐन, २०५३ को दफा ९ ले राष्ट्रिय सम्पदाको पञ्जिका तयार गर्ने साथै विश्व सम्पदा सूचीमा सूचिकृत भएका वस्तुलाई संरक्षण गर्ने भन्ने उल्लेख भएकोमा निवेदक उद्योगहरू त्यस्तो क्षेत्रमा रहेका देखिँदैन। त्यसै गरी वातावरण संरक्षण ऐन, २०५३ को दफा १० ले वातावरण संरक्षण क्षेत्र भन्ने उल्लेख गरेकोमा नेपाल राजपत्रमा वातावरण संरक्षण क्षेत्र कायम गर्ने र त्यस्तो क्षेत्रमा तोकिए बमोजिम वातावरणलाई प्रतिकूल प्रभाव पार्ने काम गर्न रोक लगाउने उल्लेख भएकोमा निवेदकका उद्योग रहेको क्षेत्रलाई संरक्षित क्षेत्र तोकेको अवस्था नभएकोले यसै लगाउको ०७४-WO-०७०४ को रिट निवेदनमा आज यसै इजलासबाट निवेदन खारेज हुने ठहरी फैसला भएकोले उक्त निवेदनमा जारी भएको अन्तरिम आदेश समेत निष्कृय हुने भई उल्लेखित आधार र कारणबाट समेत वातावरण संरक्षण ऐन, २०५३ को दफा ९ र १० का आधारमा जारी अन्तरिम आदेश निवेदकको हकमा लागु हुन सक्ने अवस्था पुष्टी हुन आएन।

४९) प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा भएको स्थलगत अनुगमनबाट निवेदकहरुको प्राय: सवै उद्योगका Sedimentation tank को राम्रो व्यवस्थापन भएको नदेखिएको, मापदण्ड पुरा नगरेको भन्ने रहेको छ। उद्योगका उक्त कमीहरु सुधार गर्न सकिने प्रकृतिका रहेका छन्। कानून बमोजिम दर्ता भै संचालनमा रहेका उद्योगहरू मापदण्ड विपरित रहेका छन् भने त्यस्ता उद्योगहरूको मापदण्डमा कमी भएका प्राविधिक र व्यवस्थापिकीय पक्षहरुलाई सुधार गर्ने मौका दिइएको तथ्य अदालतबाट प्रतिपादित सिद्धान्त र मान्यताहरु नै स्थापीत भै सकेका छन्। मापदण्डलाई सुधार गर्न सकिने अवस्थामा उद्योगहरू भए तिनिहरुलाई बन्द नै नगराई सुधार गर्ने मौका दिएर सुधार्न लगाइन्छ। ठुलो लगानी गरेर स्थापना भएका उद्योगहरूलाई सुधार योग्य र सुधारात्मक प्रकृतिका प्राविधिक कमजोरी भएको आधारमा उद्योग नै बन्द गर्ने जस्तो अन्तिम अस्त्र प्रयोग नगरी उद्योगलाई निश्चित समय दिएर सुधार गर्न लगाउने प्रचलन रहेको छ। उद्योग संचालन गर्ने गराउने सन्दर्भमा यो नै उत्तम र सुधारात्मक उपाय हो। अनुगमनले औंल्याएको मापदण्ड सम्बन्धी सम्पूर्ण कमी कमजोरीहरु व्यवस्थापन गरी सकेको भनी निवेदकले बहसको क्रममा जानकारी गराएको देखिँदा निवेदकको उद्योग मापदण्ड पुरा नगरी गैरकानूनी रुपमा संचालन भएको भन्ने देखिन आएन। निवेदकको उद्योगले कमी भएका मापदण्डहरुलाई सुधार गरेर अद्यावधिक बनाएको अवस्था रहेको भन्ने र साथै सो कार्यले ऐन र मापदण्ड निर्देशिकाले निर्दिष्ट गरेको मापदण्डहरु उद्योगले पुरा गरेको भन्ने हुँदा मापदण्डहरु पुरा गरेको उद्योगलाई संचालन गर्न नदीई बन्द गर्दा न्यायोचित हुने नदेखिंदा निवेदकहरुको रोडा, ढुङ्गा, क्रशर तथा बालुवा उद्योगलाई संचालन गर्नबाट रोक नलगाउन, संचालनमा बाधा व्यवधान नगर्न र बन्द गरिएको क्रसर उद्योग संचालन गर्नु दिनु भनी प्रतिषेध लगायत अन्य जो चाहिने आज्ञा, आदेश वा पूर्जी जारी गरिपाउँ भन्ने निवेदन जिकिर बमोजिम प्रतिषेधयुक्त परमादेशको आदेश जारी हुनु पर्ने देखिन आयो।

तसर्थ माथि विवेचित आधार र कारणबाट निवेदकले आफ्नो उद्योगमा भएका Sedimentation tank लाई सुधार गर्नु पर्ने जस्ता कमी कमजोरीहरूलाई सुधार गरेर र तिर्नु पर्ने राजश्व तिरेर, नवीकरण गरेर उद्योगलाई अद्यावधिक बनाइ सकेको देखिंदा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गएको अनुगमन टोलीले मिति २०७४।११।३० देखि २०७४।१२।६ सम्म स्थलगत रुपमा अनुगमन गरी

दिइएको प्रतिवेदनमा यी निवेदकहरुको सूर्य कुण्ड रोडा उद्योग लगायतका अन्य उद्योगहरुले मापदण्ड विपरीत गैर कानूनी रुपमा संचालित भैरहेकोले सो उद्योग संचालन नगरी बन्द गर्नु भनी जिल्ला प्रशासन कार्यालय, नुवाकोटबाट निवेदक उद्योगहरुलाई दिएको मिति २०७७।६।४ को पत्र बमोजिम निवेदकको बालुवा, प्रशोधन र क्रशर उद्योगहरुलाई सञ्चालन गर्नबाट रोक नलगाउनु, उद्योग सञ्चालन गर्नमा बाधा व्यवधान नगर्नु भनी विपक्षीहरुको नाउँमा प्रतिषेधको आदेश जारी हुने ठहर्छ।

साथै जिल्ला प्रशासन कार्यालय, नुवाकोटबाट मिति २०७४।११।३० देखि मिति २०७४।१२।०६ गते सम्म निवेदक समेतका उद्योगहरूमा अनुगमन हुँदा निवेदकको उद्योगले सुधारात्मक प्रकृतिका केही मापदण्डहरु सुधार गर्नु पर्ने अवस्थाको रहेकोमा यी निवेदकले आफ्नो उद्योगको त्यसको मापदण्डलाई सुधार गरी अध्यावधिक गराई सकेको अवस्था छ। उपरोक्तानुसार अनुगमन हुँदा औंल्याएको केही प्राविधिक पक्षका कमी कमजोरीहरुलाई सुधार गर्ने सन्दर्भमा थप EIA गर्नु पर्ने भए सो समेत गरेर तथा प्रस्तुत रिट निवेदन दायर हुनु भन्दा पछि बनेको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ आउनु अगाडि देखि नै संचालनमा रहेको निवेदकको उद्योगको हकमा उक्त मापदण्ड २०७७ मा थप भएका मापदण्डहरु समेत तीन महिना भित्रमा क्रमशः अपनाउँदै पुरा गरेर उद्योग संचालन गर्न पाउने गरी परमादेशको आदेश जारी हुने ठहर्छ। प्रस्तुत रिट निवेदनमा अन्तिम फैसला भैसकेकोले ०७७-FN-०१०१ को निवेदनमा केही आदेश गरिरहन परेन।

५०) प्रस्तुत रिट निवेदनको मुद्दामा उपरोक्तानुसारको उत्प्रेषण र परमादेशको आदेश जारी भएको र साथै निवेदकले उठाएको विषयवस्तु नदी र खोलामा बालुवा, रोडा, गिट्टी र ढुङ्गाको उत्खनन् गर्ने कार्य र त्यससँग सम्बन्धित बालुवा प्रशोधन र क्रसरका उद्योगलाई बढी नियमित गर्ने र वातावरण को क्षेत्रलाई पनि संरक्षण गर्न संवेदनशील भै विशेष ध्यान पुऱ्याउनु पर्ने र साथै मापदण्ड निर्देशिका, २०७७ मा उल्लेखित दुरीका सम्बन्धमा गंभीर रुपमा पुर्नविचार गरी कार्यान्वयन गर्न र यस क्षेत्रमा एउटा बेग्लै विशेष ऐन निर्माण गर्ने सम्बन्धमा यसै लगाउको निवेदक राजेन्द्र चित्रकार भएको रिट नं. ०७४-WO-०७०४ र निवेदक सूर्य कुण्डा रोडा उद्योग प्रा.लि.का अख्तियार प्राप्त व्यक्ति राजेन्द्र श्रेष्ठ भएको रिट नं. ०७४-WO-०२०५

को उत्प्रेषण परमादेश मुद्दामा यसै इजलासबाट विस्तृत बुँदाहरु उल्लेख गरी निर्देशनात्मक आदेशसमेत जारी भएको र सो निर्देशनात्मक आदेश बमोजिम सरकारले नीति बनाएर वा उक्त आदेशलाई नै आफ्नो नीतिगत विषय सरह मानी पालना र कार्यान्वयन गर्नु पर्ने हुँदा निर्देशनात्मक आदेशका उक्त बुँदाहरुलाई यहाँ पुनरावृती गरिरहन परेन ।

५१) यो आदेशको कार्यान्वयन र जानकारीको लागी आदेशको प्रति महान्यायाधिवक्ताको कार्यालय र सो मार्फत विपक्षीहरुलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृत : देवी चौधरी

कम्प्युटर : अमिररत्न महर्जन/प्रेमबहादुर थापा

इति सम्वत् २०७७ साल चैत्र ९ गते रोज २ शुभम्---------------------------।